# अप्रिल फूलको वास्तविकता र हुकुम

(नेपाली)

लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# كذبة أبريل وحكمها

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

IslamHouse.com

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

**सर्वाधिकार लेखकमा सुरक्षित छ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४

इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, यस्तो पूज्य जसको पूजा प्रत्येक हृदय प्रेम श्रद्धा र आदरको साथ गर्छ, र जसतर्फ समस्त प्राणीहरू आशान्वित र भयभीत भई शरण लिन्छन् । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत र त्यसको प्रकाशना (वह्य) को धरोहरी पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

तपाईलाई थाहै होला कि हाम्रो देश नेपाल एउटा गैर मुस्लिम राष्ट्र हो, जहाँ नानाथरीका अनैतिक र अवैधानिक क्रियाकलापहरू गरिन्छ, र गैर मुस्लिम समाज र राष्ट्रमा बसेको कारण मुस्लिमहरू गैर मुस्लिम सभ्यताबाट प्रभावित भई वा इस्लामीय निर्देशनबाट अनभिज्ञताको कारण केही अवैधानिक कार्यहरू पनि गरिरहेका हुन्छन् जुन इस्लामीय दृष्टिले अवैधानिक हुन्छ । र यस्ता खालका क्रियाकलापहरू थुप्रै छन्

जसतर्फ इस्लामीय विद्हरू हाम्रो ध्यानाकर्षण गराउँदै रहन्छन् र आफ्नो लेखहरूद्वारा सर्वसाधारणलाई त्यसबाट परिचय गराउँदै रहन्छन् । यसर्थ म यस लेखद्वारा ती अवैधानिक कार्यहरू मध्ये एकलाई चयन गरेर त्यसैमाथि प्रकाश पार्ने प्रयास गरेको छु जसको शीर्षक हो **अप्रिलको झूठ** । यसर्थ मेरो यस लेखमा समस्त कुराहरू यसै शीर्षकमा केन्द्रित रहनेछन् । तसर्थ मेरो समस्त प्रयास यस कुरामा केन्द्रित हुन्छ कि म यस शीर्षकसित संलग्न समस्त कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्न सकूँ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह मलाई मेरो लक्ष्यमा आफ्नो दयाले सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई यस अवैधानिक कार्यबाट पवित्र गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# अप्रिल फूलको वास्तविकता

अप्रिल फूलको शाब्दिक अर्थ हो: " अप्रिलको छल " ।

र यसको वास्तविकता र आरम्भको बारेमा वर्णन गरिन्छ कि मुसलमानहरू हस्पानीयामाथि शासन गरिरहेका थिए, र इस्लाम विरोधी गुटहरू त्यसको शक्तिलाई भंग गर्नुको लागि अनथक प्रयास गरिहेका थिए, तर यसमा उनीहरू विफल भए । अनि उनीहरूले अआफ्ना पुप्तचरहरूलाई हस्पानिया पठाए कि उनीहरू यो पत्ता लगाउन् कि यी मुसलमानहरूको शक्तिको रहस्य के हो यो छानबिन गरुन् । अनि गुप्तचरहरू आएर खबर दिए कि यिनीहरूको ईमानदारी नै यिनीहरूको सर्वोत्कृष्ट शक्ति हो । अनि इस्लाम विरोधी गुटहरूले मदिरा र नवयुवना युवतीहरूलाई त्यहाँ पठाएर मुसलमानहरूको ईमानदारीलाई बेईमानीमा परिणत गर्न खोजे । अनि यस छलपूर्ण कार्यद्वारा मुसलमानहरूलाई प्रास्त गर्नथाले र एक पछि आर्को राज्यमा अधिपत्य जमाउन थाले, र अन्त्यमा उनीहरूले गरनाता नामक राज्यमाथि १ अप्रिलको दिन छलद्वारा कब्जा गरे पश्चात अप्रिल फूलको पर्व मनाएर मुस्लिम जगतलाई यो सन्देश दिन खोजे कि समस्त मुसलमानहरू मूर्ख छन् ।

र केही मान्छेहरूको भनाई छ कि २१ अप्रिलको दिन जस दिन दिन र रात्री बराबर हुन्छ त्यसै दिन यस झूठको अविष्कृत भयो ।

र केहीको भनाई छ कि फ्रान्सले सन् १६९८ ई.मा यस पर्वलाई मनाउन् आरम्भ गऱ्यो ।

र केहीको भनाई छ कि यसलाई प्राचीन मूर्तिपूजकहरू मनाउँदै आएका थिए । ( अल् इस्लाम सवाल र जवाब नेट, प्रकाशन मितिः ११, मुहर्रम, १४२४ हिज्री )

र विगतमा यस दिन एउटा यस्तो घटना भइसकेको छ जसलेगर्दा यो दिन अति प्रसिद्ध भएको थियो र यस घटनाको सार यो हो कि युरोपमा सन् १७४६ ई.मा ३१ मार्चको दिन एउटा भव्य प्रदर्शनी आयोजना गर्ने प्रचार गरियो, र यो पनि ऐलान गरियो कि त्यसमा विचित्र जनावरहरू र विशेषरूपले विचित्र गदहालाई प्रदर्शन गरिन्छ । अनि धेरै मान्छेहरू यस प्रदर्शनीलाई हेर्ने उद्देश्यले भेला भए, तर

प्रतिक्षाको अन्तराल लामो भन्दा लामो हुँदै गयो तर नत कुनै जनावर प्रस्तुत गरियो नत कुनै गदहा नै देखा पर्‍यो बरु प्रदर्शनीलाई आयोजित गर्नेहरू नै उपस्थित भएनन् यसर्थ समस्त सर्वसाधारणलाई यो आभाष भयो कि कुनै गदहा प्रस्तुत हुनेछैन बरु उनीहरू नै गदहा बनाइए। ( कजबत् अप्रैल अस्लुहत्तारीखी वहुकमुहश्शरअी )

त झूठ बोल्नु नराम्रो कुरो हो यसलाई समस्त धर्महरूले नराम्रो भनेका छन्, र समस्त बुद्धिजीविहरूले पनि यसलाई नराम्रो भनेका छन् । र यो कुरो सबैलाई थाहा छ कि यो मानवता विरोधी कुरो हो र यो प्रकृति विरुद्ध पनि छ ।

र यो पनि सिद्ध छ कि इस्लामले झूठ बोल्नुलाई हराम (वर्जित) गरेको छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّمَا يَفْتَرِى ٱلْكَذِبَ ٱلَّذِينَ لَا يُؤْمِنُونَ بِـَٔايَٰتِ ٱللَّهِ ۖ وَأُو۟لَٰٓئِكَ هُمُ ٱلْكَٰذِبُونَ ﴾ ١٠٥ النحل: ١٠٥

अर्थ : झूठ आक्षेप त तिनै मानिसहरूले लगाउने गर्दछन जसलाई अल्लाहका आयतहरूमाथि आस्था हुँदैन र तिनै झूठा हुन् । ( सूरतुन्नहल १०५ )

र हदीसमा वर्णित छ कि : " मुनाफिकका तीन चिन्हहरू छन्: जब त्यो कुरो गर्दछ त झूठ बोल्दछ, र जब प्रतिज्ञा गर्छ त भंग गरिदिन्छ, र जब त्यसित नासो राखिन्छ त बेईमानी गर्छ (अर्थात विश्वासघात गर्छ) " । ( बुखारी हदीस नं. ३३, र मुस्लिम हदीस नं. ५४ )

र यस हदीसको व्याख्यामा इमाम नव्वी रहेमहुल्लाहको भनाई छ कि: यी बानीहरू मुनाफिक (कपटीहरू) का बानीहरू मध्येका हुन्, त जस मानिसमा पनि यी बानीहरू पाइन्छन् त्यसमा कपटीपना हुन्छ । ( शरह मुस्लिम (अल मिन्हाज) लिन्नववी २/४६ )

तर केही मान्छेहरू यो भन्छन् कि मजाक र हाँसीमा झूठ बोल्न सकिन्छ र यस्तो गर्नुमा कुनै आपत्ति छैन यसर्थ १ अप्रिलको दिन पनि यस्तै सामान्य झूठ बोलिन्छ त यसमा पनि कुनै आपत्ति हुँदैन । तर यसको इस्लामीय विधानमा कुनै हैसियत छैन किनकि झूठ बोल्नु कुनै पनि अवस्थामा जायज छैन चाहे हाँसीमा होस् वा मजाकमा । हाँ केही

विद्हरुको कथनानुसार यदि कुनै झूठले कुनै निर्दोषको ज्यान बाँच्छ भने त्यो झूठ जायज छ तर यस कुरामा विद्हरुको मतभेद छ। तर यसबाट १ अप्रिलको दिन झूठ बोल्नुलाई कदापि जायज गर्न सकिदैन।

# इस्लाममा हाँसो गर्नुमा पनि झूठ बोल्नुको मनाही

□ इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: " म मजाक गर्छु तर मजाकमा पनि सत्य नै भन्छु "। (अल् मुअ्जमुल् कबीर १२/३९१, र मजमउज्जवाइद ८/८९, र यस हदीसलाई अल्लामा अल्बानीले सही भनेका छन्, हेर्नुस्: सहीहुल् जामेअ् हदीस नं. २४९४)

□ र अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: " म सत्य बाहेक केही भन्दैन "। - तिर्मिजी हदीस नं. १९९०, तब्रानी फिल् अवसत ८/३०५, र मजमउज्जवाइद ९/९६ )

□ हजरत मुआविया रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " त्यस मान्छेको लागि विनाश होस् जसले अरुलाई हँसाउनको लागि झूठ बोलोस् " । ( तिर्मिजी हदीस नं. २३५, र अबू दाऊद हदीस नं. ४९९० )

त उपरोक्तका हदीसहरूद्वारा यो प्रष्ट भयो कि झूठ बोल्नु अवैधानिक छ बरु मजाक र हाँसीमा पनि झूठ बोल्नु जायज छैन, यसलेगर्दा १ अप्रिलको दिन झूठ बोल्नु जायज कसरी हुन्सक्छर ? जबकि यस झूठद्वारा अरुलाई कष्ट पुऱ्याइन्छ वा अरुलाई मूर्ख प्रमाणित गरिन्छ। र केही मान्छेहरू त अरुलाई यति हैरान पारिदिन्छन् कि त्यो व्यक्ति भयभीत र दुखी भइहाल्छ। तर हदीसमा यसै सन्दर्भमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि: " कुनै मुसलमानको लागि यो जायज (वैधानिक) छैन कि कुनै मुसलमान व्यक्तिलाई भयभीत गराओस् "। ( अबू दाऊद हदीस नं. ५००४, र अहमद हदीस नं. २२५५५, र यस हदीसलाई अल्लामा अल्बानी रहेमहुल्लाहले सही भनेका छन्, हेर्नुस्: सहीहुल् जामेअ् हदीस नं. ७६५८ )

त प्रष्ट यो भयो कि झूठ बोल्नु कुनै पनि अवस्थामा वैधानिक छैन, र मेरो यस कुराको सर्मथन ठूलाठूला इस्लामिक स्कालर र विद्हरू पनि गर्दछन् र प्रत्येक बुद्धिजीवि र प्रवीण एवं विवेकीहरू पनि गर्नेछन् । किनकि यो झूठ कसैलाई लाभ पुऱ्याउन सक्दैन बरु कतिपयलाई त यो

दुखी गरिदिन्छ त कतिपयलाई मृत्युको ढोका सम्म पुऱ्याएर नै छाड्छ, र कतिपयको संसारिक जीवनलाई विनष्ट गरिदिन्छ, त कतिपयको वैवाहिक जीवनलाई नर्क बनाइदिन्छ । यसर्थ म यसको अवैधानिकतामाथि केही विद्हरूको उक्तिलाई तपाईहरू समक्ष प्रस्तुत गर्दछु !

# अप्रिल फूलबारे विद्हरूका उक्तिहरू

□ शैख सालेह अल् उसैमीनको भनाई छ कि: म आफ्ना मुसलमान भाइहरूसित यो अनुरोध गर्दछु कि अप्रिलको झूठ जस्तो अमानवीय कार्यबाट रुकिहालुन् जसलाई केही मूर्खहरू “अप्रिल झूठ” को नामले मनाउँछन् । र मेरो दृष्टिमा यो यहूदी र ईसाईहरूको झूठबाट अति नजीक र प्रेरणित छ । र झूठ बोल्नु इस्लामीय विधानद्वारा वर्जित गरिएको छ, र दोस्रो कुरो के छ भने यो अरु समुदाय र सम्प्रदायको अनुरूपता अख्तियार गर्नु पनि हो, जुनकि हराम छ, जस्तोकि हदीसमा वर्णित छ : “ जसले पनि जुन समुदायको अनुरूपता अख्तियार गऱ्यो त्यो त्यसै समुदाय मध्येको भइहाल्यो ”। ( अबू दाऊद, र यसलाई अल्लामा अल्बानीले सही भनेका छन् हदीस नं. ४०३१ )

□ र शैखुल इस्लामको कथन छ कि: अप्रिल फूल मनाउनुलाई न्यूनतम् दर्जामा राखेकोमा पनि हरामको दर्जामा पुग्छ, र यदि यसलाई जाहेरमा हेरौं त यो कुफ्र गर्नुलाई बोध गर्छ । ( बरनामज नूरुन् अलद्दरब )

□ इस्लाम वेबको मरकजुल् फतवामा उल्लेख छ कि: इस्लाममा नत कुनै सेतो झूठ छ नत कालो, बरु समस्त प्रकारका झूठहरू हराम र अवैधानिक छन् । ( इस्लाम वेब नेट मरकजुल फतवा फतवा संख्या ७३१७४ )

□ शैख सालेह बिन फौजान अल् फौजानको भनाई छ कि: यो अवैधानिक कार्यहरू मध्येको हो, मुसलमानहरूको कार्यहरू मध्येको होइन । र झूठ बोल्नु नत अप्रिलमा नै जायज छ नत कुनै अरु समय र महिनामा, बरु अल्लाहमाथि वा रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि वा कुनै मान्छेमाथि मिथ्यारोपण गर्नु र झूठ बोल्नु हराम र ठूलो पाप मध्येको हो । र अल्लाहले झुठ्ठालाई कष्टदायक सजाय दिनुको चेतावनी दिएका छन् यसर्थ कुनै अवस्था र समयमा पनि झूठ बोल्नु जायज छैन । (ymnpearl net, र मुजल्ला अश्शकाइक क्रम संख्या ३२ सफर महिनामा प्रकाशित भएको )

□ र शैख रबीअ् हादी अल् मदखलीको फतवा छ कि : अल्लाहले हामीहरूलाई सत्य बोल्ने र सत्यवानसित सम्बन्ध राख्ने कुराको आदेश गरेको छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱتَّقُوا۟ ٱللَّهَ وَكُونُوا۟ مَعَ ٱلصَّٰدِقِينَ ۝١١٩ ﴾

التوبة: ١١٩

अर्थ : हे ईमानवालाहरू ! अल्लाहसँग डर मान्ने गर र सत्यवादीहरूको संगतमा रह । ( सूरतुत्तौबा ११९ )

र उहाँको भनाई छ कि अप्रिल झूठ दुई पहलूबाट हराम छ !

पहिलो पहलूः निःसन्देह अल्लाहले झूठलाई हराम गरेका छन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ कि : “ झूठबाट बाँच्दै रहनु किनकि झूठ कुकर्मतर्फ प्रोत्साहित गर्छ, र कुकर्म नर्कसम्म लैजान्छ, र मान्छे झूठ बोल्दा बोल्दै अल्लाहको समीपमा झूट्ठा भइहाल्छ ” । ( बुखारी हदीस नं. ६१३४, र मुस्लिम हदीस नं. २६०७ )

दोस्रो पहलूः जसको कारण यसको अवैधानिकता असल अवैधानिकता भन्दा अधिक भइहाल्छ र त्यो हो काफिरहरूको अनुरूपता अख्तियार गर्नु, त यी काफिरहरू झूठ बोल्दछन् र यति झूठ बोलदछन् कि ठुलठूला झूठ बोलि भयंकर उपद्रव मचाउँछन् र त्यसलाई संचारको माध्यमले प्रसारित पनि गर्छन् तर वास्तवमा अनुसंधान गरे पश्चात त्यसको कुनै वास्तविकता हुँदैन । (मिरासुल् अंबिया नेट )

# झूठ बोल्नेहरूको परिणाम

झूठ बोल्नुका अनेकौं दुखद परिणाम र प्रभावहरू छन् जसमध्ये केहीलाई निम्नमा वर्णन गर्दछु :

☐ झूठ बोल्ने मान्छेको हृदयमा कपट जागृत भइहाल्छ अल्लाहको फर्मान छ :

﴿ فَأَعْقَبَهُمْ نِفَاقًا فِي قُلُوبِهِمْ إِلَىٰ يَوْمِ يَلْقَوْنَهُ بِمَا أَخْلَفُوا اللَّهَ مَا وَعَدُوهُ وَبِمَا كَانُوا يَكْذِبُونَ ﴿٧٧﴾ ﴾ التوبة: ٧٧

अर्थ : अनि त्यसको सजायमा अल्लाहले उनीहरूका हृदयमा त्यस दिन सम्मका लागि कप्टाचार हालिदियो, जबकि उनीहरू उसित भेट्नेछन् किनभने उनीहरूले अल्लाहसित जुन प्रतिज्ञा गरेका थिए, त्यसलाई भङ्ग गरिदिए र यसकारण पनि कि उनीहरू झूठ बोल्दै गरे । ( सूरतुत्तौबा ७७ )

☐ झूठ बोल्ने मान्छे कुकर्म र नर्कतर्फ प्रवृत्त भइहाल्छ जस्तोकि हदीसमा वर्णित छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “ सत्यता भलाई (पुण्य) हो, र भलाई स्वर्गतर्फ लैजान्छ, र भक्त सत्य बोल्दा बोल्दै अल्लाहको समीप सत्यवान भइहाल्छ, र झूठ कुकर्म ( बुराई) हो, र कुकर्म नर्कसम्म लैजान्छ, र मान्छे झूठ बोल्दा बोल्दै अल्लाहको समीपमा झूठ्ठा भइहाल्छ ” । ( बुखारी हदीस नं. ५७४३, र मुस्लिम हदीस नं. २६०७ )

☐ त्यसको गवाही अस्वीकृत गरिन्छ किनकि त्यसको गवाही संसारिक समस्याहरूमा अमान्य छ त इस्लामीय समस्याहरूको बारेमा त्यसको गवाही कसरी स्वीकृत गर्नसकिन्छ । अल्लाहको फर्मान छ :

﴿ وَالَّذِينَ يَرْمُونَ الْمُحْصَنَاتِ ثُمَّ لَمْ يَأْتُوا بِأَرْبَعَةِ شُهَدَاءَ فَاجْلِدُوهُمْ ثَمَانِينَ جَلْدَةً وَلَا تَقْبَلُوا لَهُمْ شَهَادَةً أَبَدًا وَأُولَٰئِكَ هُمُ الْفَاسِقُونَ ﴿٤﴾ ﴾ النور: ٤

अर्थ : र जुन मानिसहरूले सच्चरित्र र पवित्र स्त्रीहरू माथि व्यभिचारको दोषारोपण गर्दछन् अनि चारजना साक्षीहरू जुटाउन सक्दैनन् भने उनीहरूलाई अस्सी कोर्रा हान, र उनीहरूलाई साक्षीको रूपमा कहिल्यै स्वीकार नगर, तिनै हुन् जो अवज्ञाकारी छन् । ( सूरतुन्नूर ४ )

□ भूठ बोल्ने मान्छेको अनुहार प्रलयको दिन कालो हुन्छ जसलेगर्दा समस्त मान्छहरूलाई यो थाहा भइहाल्नेछ कि यो मान्छे संसारिक जीवनमा मिथ्यावादी थियो । अल्लाहको फर्मान छ :

﴿ وَيَوْمَ ٱلْقِيَـٰمَةِ تَرَى ٱلَّذِينَ كَذَبُوا۟ عَلَى ٱللَّهِ وُجُوهُهُم مُّسْوَدَّةٌ ۚ أَلَيْسَ فِى جَهَنَّمَ مَثْوًى لِّلْمُتَكَبِّرِينَ ﴿٦٠﴾ ﴾ الزمر: ٦٠

अर्थ : जसले अल्लाहको बारेमा भूठा कुरा गरेका छन् तपाईले देख्नु हुनेछ कि प्रलयको दिन उनका अनुहारहरू काला भइसकेका हुनेछन् । के अहंकारीहरूको बासस्थान नर्क होइन ? ( सूरतुज्जुमर ६० )

□ मिथ्यावादीहरूको लागि कष्टदायक यातना तैयार छ । अल्लाहको फर्मान छ :

﴿ فِى قُلُوبِهِم مَّرَضٌ فَزَادَهُمُ ٱللَّهُ مَرَضًا ۖ وَلَهُمْ عَذَابٌ أَلِيمٌۢ بِمَا كَانُوا۟ يَكْذِبُونَ ﴿١٠﴾ ﴾ البقرة: ١٠

अर्थ : तिनीहरूको हृदयमा रोग छ, अल्लाहले तिनको रोगमा भन् वृद्धि गरिदियो, र तिनकै भुठको कारणले तिनीहरूलाई कष्टदायक सजाय छ । ( सूरतुल् बकर: १० )

□ भुठ बोल्ने मान्छे अन्धो लाटो भैं अन्धकारमा जीवन व्यतीत गरिरहन्छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَٱلَّذِينَ كَذَّبُوا۟ بِـَٔايَـٰتِنَا صُمٌّ وَبُكْمٌ فِى ٱلظُّلُمَـٰتِ ۗ مَن يَشَإِ ٱللَّهُ يُضْلِلْهُ وَمَن يَشَأْ يَجْعَلْهُ عَلَىٰ صِرَٰطٍ مُّسْتَقِيمٍ ﴿٣٩﴾ ﴾ الأنعام: ٣٩

अर्थ : र जसले हाम्रा आयतहरूलाई झूठा भन्दछन् तिनीहरू अनेक प्रकारको अन्धकारमा बहिरा र लाटा भइरहेका छन् । अल्लाह जसलाई चाहन्छ पथ-विचलित गर्दछ । र जसलाई चाहन्छ सही बाटोमा हिंडाइदिन्छ । ( सूरतुल् अन्आम ३९ )

 झ्ठ बोल्ने मान्छे सुमार्ग पाउन सक्दैन । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ مُسۡرِفٞ كَذَّابٞ ﴾ غافر: ٢٨

अर्थ : निश्चय नै अल्लाहले त्यस्तालाई मार्ग देखाउँदैन जो अतिक्रमणकारी र बडो झूठ्ठा छन् । ( सूरतु गाफिर २८ )

 झूठ बोल्ने मान्छेको मुखलाई च्यातेर त्यसको टाउकोको पछिल्लो भाग सम्म लगिन्छ र यो क्रम निरंतरताले गरिन्छ र यो झूठ बोल्नेहरूको परिणाम हो , जस्तोकि यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्मले मेअ्राजमा हेरेको कुरा विस्तारले वर्णन गर्नु भएको छ जसलाई इमाम बुखारीले विस्तारले वर्णन गर्नु भएको छ । ( हेर्नुस् : सहीह बुखारी हदीस नं. १३८६, र हदीस नं. ७०४७ )

 अल्लाह झूठ बोल्नेहरूलाई पापमुक्त र पवित्र गर्दैनन् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ۞ يَٰٓأَيُّهَا ٱلرَّسُولُ لَا يَحۡزُنكَ ٱلَّذِينَ يُسَٰرِعُونَ فِي ٱلۡكُفۡرِ
مِنَ ٱلَّذِينَ قَالُوٓاْ ءَامَنَّا بِأَفۡوَٰهِهِمۡ وَلَمۡ تُؤۡمِن قُلُوبُهُمۡۛ وَمِنَ ٱلَّذِينَ
هَادُواْۛ سَمَّٰعُونَ لِلۡكَذِبِ سَمَّٰعُونَ لِقَوۡمٍ ءَاخَرِينَ لَمۡ يَأۡتُوكَۖ
يُحَرِّفُونَ ٱلۡكَلِمَ مِنۢ بَعۡدِ مَوَاضِعِهِۦۖ يَقُولُونَ إِنۡ أُوتِيتُمۡ هَٰذَا فَخُذُوهُ
وَإِن لَّمۡ تُؤۡتَوۡهُ فَٱحۡذَرُواْۚ وَمَن يُرِدِ ٱللَّهُ فِتۡنَتَهُۥ فَلَن تَمۡلِكَ لَهُۥ مِنَ ٱللَّهِ

شَيْـًٔاۚ أُوْلَٰٓئِكَ ٱلَّذِينَ لَمْ يُرِدِ ٱللَّهُ أَن يُطَهِّرَ قُلُوبَهُمْۚ لَهُمْ فِي ٱلدُّنْيَا
خِزْيٌۖ وَلَهُمْ فِي ٱلْأٓخِرَةِ عَذَابٌ عَظِيمٌ ﴿٤١﴾ المائدة: ٤١

अर्थ : हे पैगम्बर ! जुन मानिसहरू आपसमा अवज्ञाकारितामा प्रतिस्पर्धा गर्ने गर्दछन् तिनीहरूको पछाडि नपर्नुस्, तिनीहरूमध्ये केही यस्ता छन् जो मुखले भन्दछन् कि हामी आस्थावान हौं तर तिनको आत्माले ईमान ल्याएको हुँदैन र यहूदीहरूमध्ये केही यस्ता छन् जो गलत कुरा सुन्न अभ्यस्त छन् र तिनीहरूको जासूसी गर्दै हिंड्दछन् जुन अहिलेसम्म तपाईं कहाँ आएका छैनन्। तिनीहरूले शब्दहरू सही ठाउँबाट झिकी परिवर्तित गर्दछन् र भन्दछन् कि यदि तिमीलाई यही आदेश प्राप्त हुन्छ भने त्यसलाई स्वीकार गरिहाल्नु र यदि यो आदेश हुँदैन भने अलग्गै रहनु र यदि कसैलाई अल्लाहले बाटोबाट बिचलित गर्न चाहन्छ भने त्यसको निम्ति तपाईंलाई अल्लाहबाट अलिकति पनि अधिकार छैन । यिनी त्यस्ता मानिसहरू हुन् जसका हृदयलाई अल्लाहले पवित्र गर्न चाहेन । तिनीहरूको निम्ति संसारमा पनि ठूलो तिरस्कार छ र अखिरत (परलोक)मा पनि ठूलो सजाय छ । ( सूरतुल् माइदा ४१ )

र यस जस्ता अरु परिणामहरू मिथ्यावादीका लागि छन् जसलेगर्दा यो सिद्ध भइहाल्छ कि झूठ बोल्नु कुनै पनि अवस्थामा जायज छैन तसर्थ १ अप्रिलको दिन झूठ बोल्नु अवैधानिक छ ।

# समाप्ति

त हे भाइ आफूलाई यस घृणित कार्यबाट बचाउनुस् किनकि हराम हुनुको साथै यो अरु काफिर समुदायहरूको अनुरूपता अख्तियार गर्नु पनि हो, यसर्थ सत्य बोल्ने बानी बसाल्नुस् र साँचो कुरा नै गर्नुस् र मिथ्यावादलाई स्वयम् आफू पनि त्याग्नुस् र आफ्नो घरपरिवारलाई पनि त्याग्ने आदेश गर्नुस्, र यस घृणित परम्परालाई आफ्नो समाजबाट मेटाएर नै छाड्नुस् । किनकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे आस्थावानहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

यसर्थ सत्य बोलेर अल्लाहल निकट सत्यवान बन्ने प्रयत्न गंनुस् किनकि सत्यवान अल्लाह निकट अति मर्यादित छन् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَن يُطِعِ ٱللَّهَ وَٱلرَّسُولَ فَأُوْلَٰٓئِكَ مَعَ ٱلَّذِينَ أَنۡعَمَ ٱللَّهُ عَلَيۡهِم مِّنَ ٱلنَّبِيِّـۧنَ وَٱلصِّدِّيقِينَ وَٱلشُّهَدَآءِ وَٱلصَّٰلِحِينَۚ وَحَسُنَ أُوْلَٰٓئِكَ رَفِيقٗا ٦٩ ﴾ النساء: ٦٩

अर्थ : जुन मानिसहरू अल्लाह र उसको रसूल(स.)को आज्ञापालन गर्दछन्, तिनीहरू ती मानिसहरूको साथमा हुनेछन् जसलाई कि अल्लाहले पुरस्कृत गरेको छ । उदाहरणको लागि नबी र सत्यनिष्ठ र शहीद र सत्यकर्मीहरू । यिनीहरू सर्वोतम साथी हुन् । ( सूरतुन्निसा ६९ )

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई अप्रिल झूठ जस्तो पापबाट बचाओस्, र हामीलाई कुरआन र हदीसको प्रकाशमा जीवन व्यतीत गर्ने सुअवसर प्रदान गरोस्, र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरोस्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरोस् । र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | अप्रिल फूलको वास्तविकता | **5** |
| 3 | इस्लाममा हाँसोमा पनि झूठ बोल्नुको मनाही | **8** |
| 4 | अप्रिल फूलबारे विद्हरूका उक्तिहरू | **10** |
| 5 | झूठ बोल्नेहरुको परिणाम | **12** |
| 6 | समाप्ति | **16** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

IslamHouse.com